नेपाल सरकार
गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय
# केन्द्रीय अनुसन्धान ब्यूरो

(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाण्डौं

## प्रेस विज्ञप्ती- ८४

## "व्यापार व्यवसाय गर्ने भनि रकम ठगी गर्ने व्यक्ति पक्राउ"

उर्वशी भण्डारी र दिपु भन्ने दिप सागर श्रेष्ठले विभिन्न मितिमा व्यापार व्यवसाय गर्नको लागि रू.१,००,०००।– (एक लाख) को दैनिक रु.१,०००/– (एक हजार) का दरले व्याज रकम बुझाउने गरी रकम दिएको, प्रतिवादी उर्वशी भण्डारी समेतले रकमको सुरक्षण बापत भन्दै सम्पूर्ण घर्तिमगर समेतका जाहेरवालाहरुको खाली चेकहरुमा दस्तखत गराई लिएका, जाहेरवाला सम्पूर्ण घर्तिमगर समेतले सम्झौता बमोजिमको रकम भन्दा बढी रकम प्रतिवादीलाई तिरी सक्दा पनि रकम चुक्ता नभएको भनी जाहेरवाला सम्पूर्ण घर्तीमगर समेतलाई रकम दिंदा सुरक्षण बापत दस्तखत गराई लिएको खाली चेकमा अंक अक्षर र नाम आफुखुसी भरी बैंकबाट बाउन्स गरी चेक अनादर, बैकिंङ कसूर लगायतका मुद्दा दायर गरी थुनाउँछु भनी डर धाक धम्की दिइ त्रास उत्पन्न गराई जाहेरवालाहरुबाट कुल जम्मा रु. १,६०,८४,०००।– (एक करोड साठी लाख चौरासी हजार) लिई ठगी गरेको हुँदा निजहरुलाई मिति २०८०/०१/०५ गते काठमाण्डौं उपत्यकाबाट पक्राउ गरी मुलुकी अपराध संहिता, २०७४ अन्तर्गतको ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्वन्धी कसूर मुद्दामा सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट म्याद लिई अनुसन्धान भई रहेको व्यहोरा सूचित गरिन्छ।

**पक्राउ व्यक्तिहरुको विवरण :**



१) नामथर: उर्वशी भण्डारी
उमेर: ३८ वर्ष
ठेगाना: काठमाण्डौं जिल्ला शंखरापुर नगरपालिका वडा नं ९।



२) नामथर: दिपु भन्ने दिप सागर श्रेष्ठ
उमेर: ३९ वर्ष
ठेगाना: काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं ७ चावहिल।

मिति: २०८०/०१/०८ गते।

**प्रवक्ता तथा सूचना अधिकारी**
(नवराज अधिकारी)
**प्रहरी उपरीक्षक**
सम्पर्क नम्बर:९८५१२९१३११

साथै निजहरुबाट पीडित भएका नागरिकहरुलाई यस केन्द्रीय अनुसन्धान व्यूरोमा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं।